स्थानीय सरकार

# मध्यपुर थिमि नगरपालिका

मध्यपुर थिमि नगरपालिका

# स्थानीय राजपत्र

## मध्यपुर थिमि नगरपालिकाबाट प्रकाशित

बर्ष १० मध्यपुर थिमि भक्तपुर भाद्र १ ,२०८३ साल

भाग २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगरकार्यपालिकाले जारी गरेको निर्देशिका उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

मध्यपुर थिमि नगरपालिकाको विद्यालय वर्गीकरण तथा नक्साङ्कन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका,२०८३

कार्यपालिकाबाट पारित मितिः-२०८३ साउन २९ गते

सम्बत २०८३ सालको निर्देशिका नं. १

विद्यालय वर्गीकरण तथा नक्साङ्कन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०८३

प्रस्तावना: विद्यालय वर्गीकरण तथा नक्साङ्कन सम्बन्धी निर्देशिका,२०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाले यो निर्देशिका बनाएकोछ।

१.संक्षिप्त नाम र प्रारम्भ: (१) यो निर्देशिकाको नाम "विद्यालय वर्गीकरण तथा नक्साङ्कन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०८३" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. विद्यालय वर्गीकरण तथा नक्साङ्कन सम्बन्धी निर्देशिका,२०८२ को अनुसूची १ क (छ) मा संशोधन: १ विद्यालय वर्गीकरण तथा नक्साङ्कन सम्बन्धी निर्देशिका, २०८२ (यस पछि 'मूल निर्देशिका" भनिएको) को अनुसूची १ क छ मा -रहेको" विज्ञान" शब्दको सट्टा "विषयगत" शब्द राखिएको छ।

(२)१(ख) को सट्टा देहायको १(ख) राखिएको छ:-

"१ख) जीव विज्ञान, भौतिक विज्ञान र रसायन विज्ञान लगायतका सबैको प्रयोगात्मक कक्षा सञ्चालन गर्न मिल्ने गरी एकीकृत प्रयोगशाला भएको"

(३) १(ग) को सट्टा देहायको १ (ग) राखिएको छ:-

"१(ग) विद्यार्थी संख्या अनुसार विज्ञान,गणित, स्थानीय विषय लगायत अन्य विषयका सबै क्षेत्रका लागि प्रयोगशाला भई त्यसमा नियमित प्रयोग समेत गर्ने गरिएको"

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

४.मूल निर्देशिका को अनुसूची १ क (ञ)१ मा संशोधन :- मूल निर्देशिकाको अनुसूची (ञ) १ को सट्टा देहायको अनुसूची (ञ) १ राखिएको छः-

"(ञ) १ सभाकक्षको क्षमता

| | | | |
|---|---|---|---|
| (क) मन्च र साउण्ड सिस्टम सहितको १०० जना अटाउने सभाकक्ष | | ०.५ | |
| ख) मन्च र साउण्ड सिस्टग सहितको १५० जना अटाउने सभा कक्ष | | ०.७५ | |
| (ग) मन्च र साउण्ड सिस्टम सहितको १५० भन्दा बढी अटाउने सभा कक्ष | | १ | |

"

५.मूल निर्देशिकाको अनुसूची १ क (ञ) ७ मा संशोधनः मूल निर्देशिकाकको अनुसूची १ क (ञ) ७ मा रहेको "स्वीमिङपुल" पछाडि "फुटसल र कभर्डहल" थप गरिएको छ।

६.मूल निर्देशिकाको अनुसूची १ क द्रष्टव्य -१ को सट्टा देहायको द्रष्टव्य-१ राखिएको छः-

(१)"देहाय अनुसार अंक प्राप्त गर्ने विद्यालयलाई देहाय अनुसारको श्रेणीमा वर्गीकरण गरिनेछः

क. ९१% वा सो भन्दा बढी अंक प्राप्त गर्ने विद्यालयको श्रेणी विशिष्ट सहित क (विशिष्ट सुविधायुक्त विद्यालय) हुनेछ।

ख. ८०-९०% सम्म अंक प्राप्त गर्ने विद्यालयको श्रेणी क (विशेष सुविधायुक्त विद्यालय) हुनेछ।

ग.६५-७९% अंक प्राप्त गर्ने विद्यालयको श्रेणी ख (अपेक्षित सुविधा युक्त विद्यालय) हुनेछ।

घ.५०-६४% सम्म अंक प्राप्त गर्ने विद्यालयको श्रेणी ग (आधारभूत सुविधायुक्त विद्यालय) हुनेछ।

ङ.५०% भन्दा कम अंक प्राप्त गर्ने विद्यालयको श्रेणी घ (न्यून सुविधाको विद्यालय) हुनेछ।"

प्रमाणीकरण मिति २०८३।०५।०१

स्थानीय सरकार
भक्तपुर थिमि नगरपालिका
२०७३

आज्ञाले
भोजराज घोमिरे
प्रमुख प्रशासकीय अधिकृत